# भाग ४

## श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले इलाम जिल्लाको चुलाचुली वनक्षेत्र सुदृढीकरणको लागि देहायबमोजिम इलाम जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोग गठन गरेको छ ।

(क) आयोगको गठनविधि

१. मा. श्री लक्षबहादुर गुरूङ – अध्यक्ष
२. अञ्चलाधीश, मेची अञ्चलाधीशको कार्यालय – सदस्य
३. अञ्चलाधीश, कोशी अञ्चलाधीशको कार्यालय – सदस्य
४. क्षेत्रीय वन निर्देशक, पूर्वाञ्चल क्षेत्रीय वन निर्देशनालय – सदस्य
५. श्री ५ को सरकारले तोकेको सह-सचिव वा अन्य अधिकृत कर्मचारी – सदस्य
६. सम्बन्धित प्रमुख जिल्ला अधिकारी – सदस्य
७. सम्बन्धित प्रमुख मालपोत अधिकृत सो नभएमा मालपोत अधिकृत – सदस्य
८. सम्बन्धित जिल्ला वन नियन्त्रक – सदस्य
९. प्रमुख नापी अधिकृत वा उपप्रमुख नापी अधिकृत – सदस्य
१०. नेपाल पुनर्वास कम्पनी वा सम्बन्धित जिल्लास्थित आयोजना प्रमुख – सदस्य
११. सम्बन्धित क्षेत्रीय बसोवास प्रशासक – सदस्य-सचिव

द्रष्टव्यः– दुई जिल्ला समाविष्ट भएको आयोगको हकमा जुन जिल्लाको समस्या विषयमा आयोग बस्दछ सोही जिल्लाको अधिकारीहरू आयोगको सदस्यको रूपमा रहनेछन् ।

(ख) आयोगले आवश्यक देखेमा सम्बन्धित जिल्लाबाट राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व गर्ने माननीय सदस्यहरू, सम्बन्धित जिल्लाको जिल्ला पञ्चायत सभापति वा उप-सभापति, सम्बन्धित गाउँ पञ्चायतका प्रधान पञ्च वा उपप्रधान पञ्चलाई उपस्थित हुन आमन्त्रित गरिनेछ ।

(ग) काम, कर्तव्य, अधिकारः १. आयोगको काम, कर्तव्य, अधिकार सम्बन्धमा तत्काल आयोगले जिल्लामा गई तीन हप्ता विस्तृतरूपमा अध्ययन निरीक्षण समेत गरी चौथो हप्तामा निम्न अनुसार प्रतिवेदन पेश गर्ने । तर यस्तो प्रतिवेदन पेश २०३८ को लगतको आधारमा गर्ने, नयाँ लगत खडा नगर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समेत निर्धारण गरी कार्यक्रम तयार गरी पेश गरी सो स्वीकृत भएपछि छुट्टा छुट्टै किसिमका कार्यविधिहरू अपनाई कार्य गर्न सक्नेछ र यसको लागि आवश्यक अधिकार चाहिएमा तत्काल श्री ५ को सरकारमा पेश गरी निकासा भए बमोजिम गर्न सक्नेछ ।

१२. उक्त दफा २ बमोजिम विशेष थप अधिकार एवं अन्य कुराको हकमा प्रतिवेदन प्राप्त भएपछि कार्यवाही गर्ने तर हाललाई साविक समितिले पाए सरह निम्न बमोजिमको कानून अनुसारको अधिकार आयोगको निर्णय कार्यान्वयन गर्ने परिप्रेक्ष्यमा आयोगका अध्यक्षले प्रयोग गर्ने गरी प्रदान गर्ने ।

(घ) आयोगको काम र निर्णय कार्यान्वयन गर्नेः आयोगको सचिवालय सम्बन्धी काम र निर्णय कार्यान्वयन गर्ने जिम्मेवारी सम्बन्धित क्षेत्रीय बसोवास कार्यालयको हुनेछ ।

(ङ) श्री ५ को सरकारसंग सम्पर्कः आयोगले श्री ५ को सरकारसंग सम्पर्क राख्दा वन तथा भू-संरक्षण मन्त्रालय मार्फत् राख्नु पर्नेछ ।

(च) आयोगको कार्यविधि र ठाउँ : (१) आयोगको कार्यविधि आयोग गठन भएको सूचना नेपाल राजपत्रमा प्रकाशित भई काम प्रारम्भ गरेको मितिले ६ महिनासम्म हुनेछ ।

(२) यस आयोगको कार्यक्षेत्र मेची अञ्चलको इलाम जिल्लामा हुनेछ ।

## सूचना २

श्री ५ को सरकारले डँडेलधुरा जिल्लाको जोगबुढा आलिताल शीर्षे वनक्षेत्र सुदृढीकरणको लागि देहायबमोजिमको डँडेलधुरा जिल्ला वनक्षेत्र सुदृढीकरण उच्चस्तरीय आयोग गठन गरेको छ ।

(क) आयोगको गठनविधि

१. माननीय श्री घनश्याम गिरी – अध्यक्ष
२. श्री ५ को सरकारले तोकेको सह-सचिव वा अन्य अधिकृत कर्मचारी – सदस्य
३. सम्बन्धित प्रमुख जिल्ला अधिकारी – सदस्य
४. सम्बन्धित प्रमुख मालपोत अधिकृत सो नभएमा मालपोत अधिकृत – सदस्य
५. सम्बन्धित जिल्ला वन नियन्त्रक – सदस्य
६. प्रमुख नापी अधिकृत वा उपप्रमुख नापी अधिकृत – सदस्य
७. नेपाल पुनर्वास कम्पनी वा सम्बन्धित जिल्लास्थित आयोजना प्रमुख– सदस्य
८. सम्बन्धित क्षेत्रीय बसोवास प्रशासक – सदस्य-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

द्रष्टव्यः– दुई जिल्ला समाविष्ट भएको आयोगका हकमा जुन जिल्लाको समस्या विषयमा आयोग बस्दछ सोही जिल्लाको अधिकारीहरू आयोगको सदस्यको रूपमा रहनेछन् ।

(ख) आयोगले आवश्यक देखेमा सम्बन्धित जिल्लाबाट राष्ट्रिय पञ्चायतमा प्रतिनिधित्व गर्ने माननीय सदस्यहरू, सम्बन्धित जिल्लाको जिल्ला पञ्चायत सभापति वा उप-सभापति, सम्बन्धित गाउँ पञ्चायतका प्रधान पञ्च वा उपप्रधान पञ्चलाई उपस्थित हुन आमन्त्रित गरिनेछ ।

(ग) काम, कर्तव्य, अधिकारः १. आयोगको काम, कर्तव्य, अधिकार सम्बन्धमा तत्काल आयोगले जिल्लामा गई तीन हप्ता विस्तृतरूपमा अध्ययन निरीक्षणसमेत गरी चौथो हप्तामा निम्न अनुसार प्रतिवेदन प्रस्तुत गर्ने । तर यस्तो प्रतिवेदन पेश २०३८ को लगतको आधारमा गर्ने, नयाँ लगत खडा नगर्ने ।

२. यसै साथ संलग्न उल्लिखित समस्याको अतिरिक्त अरू पनि थप वा भिन्नै प्रकारको समस्या छ, छैन ।

३. सर्वप्रथम विस्थापित परिवारको समस्या समाधान गर्ने प्रसंगमा सट्टा भर्ना निम्ति छुट्टयाइएको मात्र जग्गा सट्टा भर्ना दिन पर्याप्त छ, छैन बुझी नपुग भएमा कहाँबाट प्राप्त गर्न सकिन्छ सो बुझ्ने र नयाँ जग्गा प्राप्त हुन नसकिने भएमा सट्टा भर्ना निम्ति के कति परिमाणसम्म जग्गा दिने र नपुग जग्गाको निम्ति के कुन दरले मुआब्जा दिने हो खुलाई पेश गर्ने ।

४. वन जङ्गलभित्र अतिक्रमण गरी अव्यवस्थित बसोवास गरी बस्ने परिवारलाई वनक्षेत्रभित्रबाट बाहिर निकालेपछि नबसाई नहुने परिवारको निम्ति बसाउन घरधुरीसम्मको कति जग्गा पहिले नै छुट्टयाइएको छ वा ऐलानी पर्ति छ र के कति दरले न्यूनतम परिमाणमा दिन सकिन्छ उल्लेख गर्ने र ऐलानी पर्ति जग्गामा भएको अतिक्रमणकारीहरूलाई हटाउने सम्बन्धमा पनि के कस्तो प्रक्रियाबाट गर्ने उल्लेख गर्ने ।

५. एकाको पूर्जा र अर्काको ढालफाँड वा जोतको सम्बन्धी समस्या के कति छन् र तिनीहरूको समस्या समाधान कुन तरीकाबाट गर्ने ?

६. अगाडिको आयोग वा समितिको निर्णय कार्यान्वयन गर्न बाँकीमा के कस्तो प्रक्रिया अपनाउने ?

७. वनक्षेत्र भए तापनि प्रतिदिन शहरीकरण हुँदै गएको क्षेत्रमा रहेको अव्यवस्थित बसोवासलाई तत्काल हटाउन पर्ने हो होइन एकीन गरी हटाउन नसकिने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।